# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:


## प्रेस विज्ञप्ति

काठमाण्डौ, असोज २३ मिति : २०७६/०६/२३

१. प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्यको रिक्त पदका लागि सम्वत् २०७६ साल मंसिर १४ गते शनिबारका दिन उपनिर्वाचन सम्पन्न गर्ने गरी नेपाल सरकार र निर्वाचन आयोगबाट निर्वाचनको मिति तोकिएपश्चात् निर्वाचन व्यवस्थापनको तयारी अगाडि बढिरहेको छ ।उक्त दिन प्रतिनिधि सभा सदस्य एक, प्रदेश सभा सदस्य तीन, नगरपालिका प्रमुख एक, गाउँपालिका अध्यक्ष तीन, गाउँपालिका उपाध्यक्ष एक र गाउँपालिका तथा नगरपालिका वडाअध्यक्ष ४३ गरी कुल ५२ पदका लागि निर्वाचन हुँदैछ ।

२. आयोगले मिति २०७६।६।१७ गते उपनिर्वाचन प्रयोजनको लागि अन्तिम मतदाता नामावली समेत स्वीकृत गरेको छ । अन्तिम मतदाता नामावली तयार गर्ने सिलसिलामा उपनिर्वाचन हुने ३७ जिल्लाका स्थानीय तहका १५५ वडामा मतदाता नामावली ऐन, २०७३ बमोजिम मतदाता नामावली अध्यावधिक (दाबी बिरोध) कार्यक्रम सञ्चालन गरिएको थियो । सो बमोजिम उपनिर्वाचन हुने निर्वाचन क्षेत्रमा कुल मतदाता ४,५४,११४ रहेको छ । यस मध्ये महिला मतदाता २,३३,४०२ जना, पुरुष मतदाता २,२०,७१० जना र अन्य लिङ्गी मतदाता २ जना रहेका छन् । प्रतिनिधि सभा सदस्यको निर्वाचन हुने कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ मा ७१,८७१ जना, प्रदेश सभा सदस्यको निर्वाचन हुने भक्तपुर, बाग्लुङ्ग र दाङ्गका सम्बन्धित निर्वाचन क्षेत्रमा क्रमशः ४५,०१५ जना ३६,९२६ जना र ७३,१७२ जना मतदाता रहेका छन् । मतदाता नामावली सम्बन्धी विवरण निर्वाचन आयोगको वेवसाइटमा समेत हेर्न सकिने छ ।

३. आयोगले मिति २०७६।६।१७ गते नै उपनिर्वाचन प्रयोजनको लागि मतदान केन्द्र समेत तोकेको छ । मतदान केन्द्र तोक्दा बढीमा एक हजार एकसय मतदाताका लागि एक मतदान केन्द्र रहने गरी तोकिएको छ । उपनिर्वाचन हुने ३७ जिल्लाका सम्बन्धित निर्वाचन क्षेत्रमा कुल २४७ स्थलमा ५३७ मतदान केन्द्र रहेका छन् । आठसय वा सो भन्दा बढी मतदाता रहेका मतदान केन्द्र ३३७ रहेका छन् भने आठ सयभन्दा कम मतदाता रहेका केन्द्र २०० रहेका छन् ।

..........................

(गिरिजा शर्मा)
सहसचिव एवम् प्रवक्ता


"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np